निर्णय - ८०३

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४११/२०७१/०७२

निर्णय नं. ८०३

झापा जिल्ला, जलथल–१ बस्ने नारायण प्रसाद भट्टराई........................................ १ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं........................................१ विपक्षी

सूचना अधिकारी, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं........................................१

विषय :- आवश्यक कागजात उपलब्ध गराउनु भनिएकोमा उपलब्ध नगराईएकोले तामेलीमा राख्ने ।

झापा जिल्ला, जलथल–१ बस्ने नारायण प्रसाद भट्टराईले नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०४ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०२।३१ को पत्रबाट श्री नारायण प्रसाद भट्टराईलाई आवश्यक कागजात पेश गर्नु भनी पत्राचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले आवश्यक कागजात पेश नगरेको तथा सूचना पनि पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले आवश्यक कागजात पेश गरी सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेली दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ बैशाख ५ गते रोज १ शुभम्